तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

बैठक नं. ५६

आज मिति २०८२ मंसिर ०५ गते शुक्रवार बिहान ८:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |

तामाकोशी गाउँपालिका
कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ५५ औं बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२) वडा नं ६ योजना सँग सम्बन्धित जग्गा प्राप्ति सम्बन्धमा ।

३) कर्मचारीको तलबी प्रतिवेदन ( स्थायी करार) पारित गर्ने सम्बन्धमा ( लेखाशाबाट प्राप्त अनुसार)

४) रोजगार सेवा केन्द्र अन्तर्गत मनोसामाजिक परामर्शकर्ता (पाचौं तह सरह) र तथ्याङ्क संकलन सहजकर्ता (गणक) को करार सेवामा जनशक्ति छनौटका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

५) म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य : घरटोलमा स्वास्थ्य प्रवर्दन कार्यक्रम अन्तर्गत जनस्वास्थ्य अधिकृत सातौंको करार सेवामा जनशक्ति छनौटका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

६) बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एंवम तालिम परिषदको मिति २०८२/०७/२० गतेको सूचना अनुसार सीपमुलक तालिम छनौट सम्बन्धमा ।

७) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम समन्वय इकाई को च. न. ५९ मिति २०८२ असोज ०५ गतेको पत्रनुसार स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धि कार्यविधि २०८२ को दफा (६) बमोजिम सातौं तहमा सम्झौता गरी कार्यान्वयनमा जाने सम्बन्धमा ।

८) अनुगमन मुल्याङकन समिति अन्य कर्मचारी र प्राविधिक कर्मचारीले फिल्ड भत्ता प्राप्त गर्ने सम्बन्धि कार्यविधि २०८२ पारित गर्ने सम्बन्धमा ।

९) सेवा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।

१०) विविध सम्बन्धमा ।

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ५५ औ बैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: आर्थिक बर्ष २०७८/०७९मा वडा न. ६ च्यामामा १७.५ रोपनी व्यक्तिको जग्गामा सार्वजनिक पार्क, भ्यू टावर, खेल मैदान लगायत पर्यटकीय संरचना निर्माण भएकोमा उक्त जग्गाहरु गाउँपालिकाको नाउँमा पास गरिदिने भनि सम्बन्धित व्यक्तिहरुको निवेदन प्राप्त भएकोले तपशिल बमोजिमको व्यक्तिहरुको तपशिल बमोजिमको योजना कार्यान्वयन भएको कित्ताबाट १७.५ रोपनी जग्गा

Scanned with CamScanner

किताकाट गरी गाउँपालिकाको नाउँमा पास गरी प्राप्त गर्न जिल्ला प्रशासन कार्यालय दोलखा, नापी कार्यालय र मालपोत कार्यालय दोलखालाई पत्राचार गर्ने निर्णय गरियो ।

तपशिल

| जग्गावालाको नाम | कित्ता न | कैफियत |
|---|---|---|
| कृष्ण प्रसाद शर्मा फुयाल | ६६१ | ११३५ बर्गमिटर |
| चन्द्र बहादुर फुयाल | ८९० | २२५ बर्गमिटर |
| दुर्गा बहादुर फुयाल | ८९१ | २२५ बर्गमिटर |
| कृष्ण प्रसाद फुयाल | ६६९ | ६७५ बर्गमिटर |
| मेघ बहादुर खत्री | ८८९ | २२५ बर्गमिटर |
| भिम प्रसाद फुयाल | ६६२ | ६७० बर्गमिटर |
| मनमाया महत | २४ | ५००० बर्गमिटर |
| टिकाराम फुयाल | ६६८ | ७५० बर्गमिटर |
| | जम्मा | ८९०५ बर्गमिटर(१७.५ रोपनी) |

निर्णय न.३: तामाकोशी गाउँपालिकाको लेखा शाखाबाट पेश भएको यस गाउँपालिकामा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन ( स्थायी र करार) पारित भएको निर्णय गरियो ।

निर्णय न.४: रोजगार सेवा केन्द्र अन्तर्गत मनोसामाजिक परामर्शकर्ता (पाचौं तह सरह) संख्या-१ करार सेवामा जनशक्ति छनौट गर्न सूचना प्रकाशन गर्ने तथा तथ्याङ्क संकलन सहजकर्ता (गणक)को लागि यस गाउँपालिकाभित्र चालु शैक्षिक बर्षमा कक्षा ११ र १२ मा अध्ययनरत छात्राछात्रलाई परिचालन गर्न वडा कार्यालय र वडाका सम्बन्धित विद्यालयलाई खाका सहित पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय न.५: म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य : घरटोलमा स्वास्थ्य प्रवर्दन कार्यक्रम अन्तर्गत जनस्वास्थ्य अधिकृत सातौंको संख्या-१ करार सेवामा जनशक्ति छनौटका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय न.६: बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एंव्रम तालिम परिषदको मिति २०८२/०७/२० गतेको सूचना अनुसार अटोमोबाइल सीपमुलक

Scanned with CamScanner

तालिम छनौट गर्ने र यस तालिमको लागि नियमानुसारको लागत साझेदारी प्रतिवद्धता गर्ने निर्णय गरियो ।

निर्णय न.७: संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम समन्वय इकाई को च. न. ५९ मिति २०८२ असोज ०५ गतेको पत्रनुसार स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धि कार्यबिधि २०८२ को दफा (६) बमोजिम यस गाँउपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई सातौं तहमा सम्झौता र सोही बमोजिम सुविधा प्रदान गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय न.८: तामाकोशी गाउँपालिकाको अनुगमन मुल्याङकन समिति, वडा समिति, प्राविधिक कर्मचारी र अन्य कर्मचारीले अतिरिक्त समयमा काममा खटिए बमोजिम प्रतिवेदन अनुसार फिल्ड भत्ता प्रदान गर्न तामाकोशी गाउँपालिकाको अनुगमन मुल्याङकन समिति वडा समिति प्राविधिक कर्मचारी र अन्य कर्मचारीले फिल्ड भत्ता प्राप्त गर्ने सम्बन्धि कार्यबिधि २०८२ पारित भएको निर्णय गरियो ।

निर्णय न.९: तामाकोशी गाउँपालिकाको सेवा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धि कार्यबिधि २०७५मा तपशिल बमोजिम संसोधन तथा थप गर्ने निर्णय गरियो ।

तपशिल

दफा ७ को उपदफा १ मा सूचिकृत शब्द हटाइ छनौट शब्द राखे

दफा ६ मा उपदफा ४ थप गरी दफा ४ बमोजिम सूचीकरण भएका सूचिकृत उम्मेदबारहरुलाई लिखित परिक्षामा समावेश गराउने तथा लिखित परिक्षामा उतिर्ण उम्मेदवारलाइ अन्तर्वार्तामा समावेश गराउनु पर्नेछ भन्ने थप्ने

दफा ६ मा उपदफा ५ थप गरी लिखित र अन्तर्वार्ताबाट छनौट भएका उम्मेदवारहरुलाई दफा ४ बमोजिम सूचिकृत हुदाँ प्राप्त अंकको ५० प्रतिशत जोड गरी अन्तिम नतिजा प्रकाशन गर्ने भन्ने थप्ने

निर्णय न.१० बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयबाट छनौट भएको गुसेश्वर महादेश मन्दिर परिसर पूर्वाधार निर्माण तामाकोशी गाउँपालिका वडा न..झुले दोलखा योजना यस गाउँपालिकाको वडा न २ झुले नै भएकोले योजनाको नाम गुसेश्वर महादेश मन्दिर परिसर पूर्वाधार निर्माण तामाकोशी गाउँपालिका वडा न २ झुले दोलखा कायम गरी सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.११ तामाकोशी गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ मा व्यवस्था भए बमोजिम प्रक्रिया पुरा भएकोले सेभेन स्टार निर्माण सेवा प्रा.लि. तामाकोशी

Scanned with CamScanner

गाउँपालिका –३ जफे दोलखाको निवेदन माग बमोजिम घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न.१२ इकोनोमिक भिजन प्रा.लि. कोटेश्वर ३२ काठमाण्डौले पेश गरेको जालपा देवि आत्मारा हुँदै देउराली हल्लिनेढुङ्गा पदमार्गको डिपिआर र श्रेष्ठ कन्सल्टयान्ट प्रा.लि. एकान्तकुना ललितपुरले पेश गरेको स्वर्गीय देवी प्रसाद न्यौपाने स्मृति भवन तथा पार्क निर्माण सम्बन्धि डिपिआर स्वीकृत भएको निर्णय गरियो ।

निर्णय न.१३ यस गाउँपालिकामा प्राप्त बेरुजु सम्बन्धी प्रतिवेदनमा असुल उपर सम्बन्धि उल्लेख भएका व्यक्ति तथा फर्म/संस्थाहरुबाट रकम असुलीको लागि पत्राचार गर्ने र समयमा रकम जम्मा नगरेमा यस गाउँपालिकामा जम्मा रहेको जमानतपत्र धरौटी तथा अन्यबाट कट्टा गरी बेरुजु फछ्यौंट गर्ने निर्णय गरियो ।

निर्णय न १४ फर्ट चोइस फुड प्रा.लि. शुद्धोधन गाउँपालिका ४ रुपन्देहीलाइ यस गाउँपालिकाका किसानहरुसँग आलु उत्पादन कार्यका लागि सहकार्य गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।